Merri-bek
City Council

## दोभाषे सेवा (हामीसँग तपाईंको भाषामा बोल्नुहोस्)

हामी अंग्रेजी बाहेक अन्य भाषाहरूमा कुराकानी गर्न रुचाउनेहरूलाई निःशुल्क दोभाषे सेवा प्रदान गर्दछौं । यस सेवाले तपाईंलाई काउन्सिलका मामिलाहरू, पत्रहरू, रिपोर्टहरू, वा अन्य पत्राचारहरू बुझ्न मद्दत गर्न सक्छ ।

तपाईं हाम्रो बहुभाषी टेलिफोन लाइनलाई आफूले बोल्ने भाषामा फोन गर्न सक्नुहुन्छ । यो तीन - तर्फी टेलिफोन वार्तालाप हो जहाँ हाम्रा ग्राहक सेवा अधिकारीहरूले दोभाषे मार्फत तपाईंलाई मद्दत गर्नेछन् ।

तपाईं हाम्रो कुनै पनि ग्राहक सेवा केन्द्रमा फोन वा व्यक्तिगत रूपमा यो सेवा प्रयोग गर्न सक्नुहुन्छ ।

**Nepali|नेपाली 03 9280 1910**

यदि तपाईं भिन्दै भाषा बोल्नुहुन्छ भने, तपाईं 03 9280 1919 मा फोन गर्न सक्नुहुन्छ र आफ्नो भाषा उल्लेख गर्न सक्नुहुन्छ।

| **Speak with us in your language** | | For more information visit **merri-bek.vic.gov.au/your-language** | |
|---|---|---|---|
| Per maggiori informazioni nella tua lingua, chiama il numero **9280 1911** | ،اپنی زبان میں مزید جاننے کے لیے **9280 1917** پر کال کریں۔ | 如需了解更多您语言版本的信息，请致电 **9280 0750** | अपनी भाषा में अधिक जानने के लिए, **9280 1918** पर कॉल करें |
| Για να μάθετε περισσότερα στη γλώσσα σας, καλέστε το **9280 1912** | तपाईंको भाषामा थप जान्नको लागि, **9280 1910** मा कल गर्नुहोस् | Para saber más en tu idioma llama al **9280 1916** | To speak with us in a language not listed here, please call **9280 1919** |
| لمعرفة المزيد بلغتك، اتصل بالرقم **9280 1913** | Kendi dilinizde daha fazla bilgi edinmek için **9280 1914**'ü arayın | Để tìm hiểu thêm bằng ngôn ngữ của bạn, hãy gọi **9280 1915** | |

## काउन्सिलका भाषा सहयोगीहरू

हामीसँग इटालियन, ग्रीक, अरबी, टर्की, उर्दू, नेपाली, स्पेनिश, भियतनामी र हिन्दी बोल्न सक्ने कर्मचारीहरू छन् । यी कर्मचारी सदस्यहरू, जसलाई भाषा सहयोगीहरू भनिन्छ, काउन्सिलका मामिलाहरूमा मद्दत गर्न दोभाषेको रूपमा काम गर्न सक्छन् ।

तपाईंले हाम्रो कुनै पनि ग्राहक सेवा केन्द्रमा व्यक्तिगत रूपमा जाँदा यो सेवा प्रयोग गर्न सक्नुहुन्छ ।

## यो वेबसाइट आफ्नो भाषामा प्रयोग गर्नुहोस्

Merri-bek मा, हामी 95 वटा भन्दा बढी भाषाहरू बोल्छौं । हामी बुझ्दछौं कि भाषा अवरोधहरूले काउन्सिलको जानकारी पहुँच गर्न गाह्रो बनाउन सक्छ ।
यसमा मद्दत गर्न हाम्रो वेबसाइटमा अनुवाद उपकरण छ । कृपया आफ्नो रोजाईको भाषा छनौट गर्न हाम्रो साइटको शीर्षमा रहेको बटन प्रयोग गर्नुहोस् । त्यसपछि तपाईं आफ्नो भाषामा हाम्रो वेबसाइट हेर्न सक्नुहुन्छ ।

यी अनुवादहरू स्वचालित रूपमा सिर्जना गरिएका छन्, त्यसैले यो सँधै सही नहुन सक्छन् । यदि तपाईंलाई आफ्नो भाषामा वेबसाइट प्रयोग गर्दा कुनै समस्या भएमा, कृपया मद्दतको लागि हाम्रो बहुभाषी टेलिफोन लाइनलाई तपाईंको भाषामा फोन गर्नुहोस् ।

## Merri - bek मा परियोजनाहरूको बारेमा तपाईंको भाषामा जान्नुहोस्

हामीसँग धेरै चलिरहेका परियोजनाहरू छन् र तपाईंका विचारहरू र प्रतिक्रियाहरू सुन्न चाहन्छौं, किनकि यसले हामीलाई Merri-bek समुदायलाई फाइदा पुर्याउने निर्णयहरू गर्न मद्दत गर्छन् ।
तपाईंको भाषामा हाम्रा परियोजनाहरूको बारेमा थप जान्नको लागि, Conversation Merri-bek हेर्नुहोस् ।